**अनुसूची–१५ (Annex -15)**

**केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ को विनिमय २० को उपविनिमय ३ सगँ सम्बन्धित**

**Hatemalo** FINANCIAL SERVICES PVT. LTD. BROKER NO. 72

**नक्साल, काठमाडौं, फोन नं. ०१–४४४३७७०**

# निक्षेप सदस्य र हितग्राही व्यक्ति वा संस्थाबीचको सम्झौता

का.म.न.पा. वडा नं. १, नक्साल स्थित कार्यालय रहेको हातेमालो फाईनान्सियल सर्भिसेस प्रा.लि. (वैधानिक अस्तित्व भएको निकायको विवरण) (यसपछि "सदस्य" भनिएको) प्रथम पक्ष र ................................................................................... स्थित कार्यालय/ठेगाना रहेको ....................................................................... (वैधानिकता अस्तित्व भएको निकाय/प्राकृतिक व्यक्तिको विवरण) यसपछि ("हितग्राही" भनिएको) दोस्रो पक्ष बीच देहायका शर्तहरु पालना गर्ने सहमतिसाथ यो सम्झौता गरिएको छ ।

**१. सामान्य प्रावधान (General Clauses)**
यस सम्झौताका पक्षहरू धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६८ का व्यवस्था र सिडिएससिले समय-समयमा जारी गरेको विनिमयलाई यसै सम्झौतामा उल्लेख भए सरह र यसै सम्झौताको हिस्साको रुपमा पालना गर्न सहमत छौं ।

**२. रकम असुल उपर (Fees, Charges)**
हितग्राहीले तिनुपर्ने रकम तोकिएको मितिभित्र बुझाउनु पर्नेछ ।

**३. खाताको फाँटवारी (स्टेटमेन्ट) (Account Statement)**
सदस्यले अनलाईन मार्फत हितग्राहीलाई निजको खाताको फाँटवारी हेर्ने सुविधा प्रदान गर्नेछ । साथै हितग्राहीले आफ्नो धितोपत्रको फाँटवारी भौतिक रुपमा प्राप्त गर्न अनुरोध गरेमा सदस्यले सो समेत प्रदान गर्न सक्नेछ । तर यस अवधिमा कुनै  कारोबार नभएमा खाताको फाँटवारी दिनु पर्ने छैन ।

**४. विवरणमा भएका परिर्वतनहरुबारे हितग्राहीले सुचित गर्नुपर्ने (BO to inform change in the description)**
हितग्राहीले सुचित गरेको अवस्था बाहेक हितग्राहीले विवरणमा भएका परिवर्तन सदस्यलाई जानाकारी नगराएको कारणबाट हितग्राहीलाई हुन सक्ने कुनै हानी उपर सदस्य उत्तरदायी वा जिम्मेवारी हुनेछैन ।

**५. हितग्राहीको दावीप्रति निक्षेप सदस्य उत्तरदायी नहुने (Depository participants not being liable for BO's claims)**
सुरक्षणका लागि हितग्राहीको खाताबाट खर्च लेखिएको/क्रेडिट गरिएको तेस्रो पक्षको दावी अदालत वा राजस्व निकायबाट तोकिएको वा माग भएको कुनै शुल्क, दस्तुर, कर प्रति सिडिएससि तथा सदस्य उत्तरदायी हुने छैन ।

**६. प्रत्येक हितग्राही निम्न कुरामा विशेष रुपमा जिम्मेवार हुनेछ । (All the Bos will be responsible on the following Matters.)**
(क) निक्षेप सदस्यसँग भएको सम्झौता । खाता खोल्दाका विवरणहरू तथा तथ्य सम्बन्धमा,
(ख) निक्षेप सदस्यसँग खाता खोल्दा पेश गरेको लिखतको आधिकारिकता र सत्यता सम्बन्धमा,
(ग) निक्षेप सदस्यबाट प्रत्येक कारोबार निर्देशन बमोजिम खाताबाट घटाएको र थपेको कुराको सुनिश्चित गर्ने,
(घ) हितग्राहीको खातामा भएको परिर्वतनका विवरण सम्बन्धमा जस्तैं : ठेगाना, बैंक विवरण स्थिति अख्तियारी, आदेश मनोनयन दस्तखत आदि ।
(ङ) कुनैपनि निष्काशित धितोपत्र खरिद गरेकोमा सो को सत्य विवरण ।

**७. आधिकारीक प्रतिनिधि (Legal Representative)**
हितग्राही सङ्गठित संस्था वा कानूनी व्यक्ति भएमा त्यस्तो संस्था वा व्यक्तिको तर्फबाट प्रतिनिधित्व गर्ने अख्तियार प्राप्त व्यक्तिले सदस्यसँग सम्झौता क्रियान्वित गर्नेछन् । प्रतिनिधिको हेरफेर वा अन्य कुनै किसिमको परिर्वतन भएमा हितग्राहीले सदस्यलाई तुरुन्त जानकारी गराउनेछ ।

**८. सम्झौता रद्द गर्ने (Discarding of the Agreement)**
विनियमावली तथा सञ्चालन निर्देशिकामा उल्लेख गरिएअनुसारका शर्त बन्देजको अधीनमा रही पक्षहरूले यो सम्झौता जुनसुकै समयमा रद्द गर्ने सक्नेछन् । कुनै पनि पक्षले सम्झौता रद्द गरेमा हितग्राहीको खातामा भएको धितोपत्रलाई सोही हितग्राहीको निर्देशन बमोजिम सदस्यले व्यवस्थापन गर्नेछ ।

**९. काबुबाहिरको परिस्थिति (Conditions Out of Control)**
यस सम्झौता वा विनियमावली जुनसुकै कुरा लेखिएको भए तापनि आँधी, तुफान, बाढी, चट्याङ, भुइँचालो, आगालागी, विस्फोटन वा दैवीक प्रकोप, युद्ध, विद्रोह, क्रान्ति, हुलदंगा, निशेधाज्ञा, नाकाबन्दी, अवरोध, दंगा, नागरिक कलह, हड्ताल, तालाबन्दि, बहिष्कार, कुनै उपयोगी सेवामा अवरोधजस्ता मजदुर कारवाही वा अशान्ति, शत्रुको कारवाही, आपराधिक षड्यन्त्र, आतंककारी गतिविधि वा तोडफोड, विध्वंस, प्रणालीमा गडबडी, अनाहक प्रवेश वा प्रतिकार गर्ने नसकिने अन्य कुनै शक्ति वा बाध्यतालगायत काबु वा नियन्त्रणबाहिरका घटनाद्वारा यस सम्झौता अर्न्तगतको दायित्वमा कुनै कार्य सम्पादन नगरेको, विलम्ब गरेको वा उल्लंघन भएकोमा कुनै एक पक्षलाई हुन गएको हानीनोक्सानी, क्षतिको सोधभर्ना वा क्षतिपूर्ति दिन अर्को पक्ष उत्तरदायी हुनेछैन ।

**१०. जनाउ  (Declaration)**
यस सम्झौताअनुसार दिइने अथवा आवश्यक हुने कुनै पनि जनाउ वा सञ्चार लिखित रुपमा र प्रापकको हालसालको ठेगानामा नपठाएसम्म बन्धनकारी हुनेछैन ।

**११. विवादको समाधान (Solution for the DIsagreement)**
पक्षहरूका बीचमा उत्पन्न हुन सक्ने विवाद तथा भिन्नताका सम्बन्धमा विनियमावलीमा तोकिएकोअनुसारको मध्यस्थता समितिको व्यवस्था यस सम्झौताका पक्षहरूलाई पनि लागु हुनेछ ।

**१२. नियमनकारी कानून (Legal Provisions)**
यो सम्झौता प्रचलित नेपाल कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ ।

**सम्झौताका प्रथम पक्ष**

निक्षेप सदस्यको तर्फबाट अधिकार प्राप्त

व्यक्तिको नामः

दस्तखतः

कम्पनिको छापः

**साक्षी (Witness)**

१ .............................

**सम्झौताका दोस्रो पक्ष**

हितग्राहीको तर्फबाट अधिकार प्राप्त

व्यक्तिको नामः

दस्तखतः

कम्पनिको छापः

**साक्षी (Witness)**

१.............................

ईति सम्वत् (A.D.).................... साल (Years).................... महिना (Month)...................... गते रोज (Day)............. शुभम्